# अफवाह (हल्ला) र प्रत्यूत्तर (जवाफ)

२४ मार्च २०२१

संस्करण ३

## खोप लगाएपछि हामीले मास्क लगाइरहनुपर्दैन ।

खोपहरूले कोभिड–१९ रोग, विशेषगरी गम्भीर प्रकृतिको रोग निवारणमा प्रभावकारी देखिए पनि खोपले संक्रमण सर्नबाट रोक्छ वा रोक्दैन भनेर थाहा पाउन पर्याप्त तथ्याङ्क प्राप्त हुनसकेको छैन । यसको अर्थ खोप लगाएका कारण कुनै व्यक्ति सुरक्षित हुनपुगेपनि उसले अन्य व्यक्तिलाई भाइरस सार्न सक्छ ।

औषधि र खोपजस्ता कुनै पनि औषधिजन्य वस्तु १०० % प्रभावकारी हुँदैन । यसको अर्थ खोप लगाएका व्यक्तिलाई पनि रोग लाग्नसक्छ ।

त्यसैकारण, खोप लगाइसकेपछि पनि मास्क लगाउने, भौतिक दूरी कायम गर्ने र हातको सरसफाइ (हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने)लगायत सबै सार्वजनिक स्वास्थ्यका नियमहरूको अनिवार्य पालना गर्न आवश्यक छ ।

कोभिड–१९ महामारी अझै पनि जारी छ । विगत ४ देखि ५ हप्ताको तथ्याङ्क हेर्ने हो भने विश्वभरी र दक्षिणपूर्वी एसिया क्षेत्रमा संक्रमणको संख्या बढिरहेको देखाउँछ । १४ मार्च २०२१ सम्ममा विगतको हप्ताको तुलनामा विश्वभरी कोभिड–१९ संक्रमण १० % ले र दक्षिणपूर्वी एसियामा १९ %ले बढ्न गएको देखिन्छ ।

## धेरै देशहरूले अस्ट्रा जेनेका खोपको प्रयोगमाथि प्रतिबन्ध लगाइरहेका छन् ।

अस्ट्रा जेनेका खोप हाल विश्वभरीका करिव ७१ वटा देशहरूले प्रयोग गरिरहेका छन् । हाल, विश्वभरी सबैभन्दा बढी देशहरूले प्रयोग गर्ने कोभिड –१९ खोपमा अस्ट्रा जेनेका खोप पर्छ ।

युरोपियन युनियनभित्रका केही देश र युनियन बाहिरका पनि केही देशहरूले आफ्नो खोप अभियानमा अस्ट्रा जेनेका खोपको प्रयोगलाई अस्थायी रुपमा बन्द गरेका थिए । खोप लगाएका व्यक्तिहरूमा विरलै देखिएको रगत जम्ने समस्या देखिएको सूचनाका आधारमा यो कदम **पूर्वसावधानीका** रुपमा अवलम्बन गरिएको थियो । युरोपियन युनियनका अन्य देश र युरोपियन युनियन बाहिरका देशहरूले सोही सूचनाका बावजुद अस्ट्रा जेनेका खोपको प्रयोगलाई आफ्नो खोप कार्यक्रममा निरन्तरता दिने निर्णय लिए ।

अस्ट्रा जेनेका खोप कोभिड–१९ को गम्भीर संक्रमण विरुद्धको लडाईंमा एउटा बहुमुल्य साधनका रुपमा रहेको छ र यसले कोभिड–१९ बाट हुने मृत्युदरलाई ८० % सम्मले कम गर्ने देखिएको छ । विश्व स्वास्थ्य सङ्गठनले खोपको लाभ त्यसको जोखिम भन्दा माथि रहेको र अस्ट्रा जेनेका खोपको प्रयोग गरी भइरहेको खोप लगाउने कार्यले निरन्तरता पाउनुपर्ने कुरामा मान्यता राख्दछ ।

युरोपियन मेडिसिन एजेन्सीको सुरक्षा समितिले तथ्याङ्कहरूको समीक्षा गरी साइड एफेक्टको जोखिमको तुलनामा कोभिड–१९ को ठूलो जोखिमलाई नियन्त्रण गर्नमा खोपको फाइदा बढी रहेको र खोप लगाउनेहरूमा देखिएको रगत जम्ने समस्याको समग्र जोखिममा आएको बढोत्तरीसँग खोपको सम्बन्ध नरहेको कुरा पुष्टि गरेको छ ।

खोप सुरक्षासम्बन्धी विश्व स्वास्थ्य सङ्गठनको अन्तर्राष्ट्रिय परामर्श समिति (GACVS)को कोभिड–१९ उपसमितिले तथ्याङ्कको समीक्षा गरी सो खोपको लाभ–जोखिम विवरण सकारात्मक रहेको र विश्वभरी संक्रमणको निवारण र मृत्युदर कमगर्नमा यसको ठूलो सम्भावना रहेको निष्कर्ष निकालेको छ ।

## खोप केन्द्रमा पहुँच भएका कारण ६५ बर्ष मूनिका व्यक्तिहरूले पनि खोप लगाइरहेका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले रोगप्रतिको उच्च जोखिममा आधारित लक्षित समूहहरूलाई मात्र खोप लगाउन कडा निर्देशन जारी गरेको छ । यसको कारण खोपको उपलब्धता र सबैभन्दा उच्च जोखिममा रहेका व्यक्तिहरूलाई पहिलो खोप लगाइनुपर्ने आवश्यकता हो । स्वास्थ्यकर्मी र अग्रपंक्तिमा काम गर्ने व्यक्तिहरूलाई गत माघ–फागुनमा खोप लगाइयो । गत दुई हप्ता सबै जिल्लाहरूमा ६५ बर्षमाथिका र हिमाली जिल्लाहरूमा ५५ बर्षमाथिका नागरिकहरूलाई खोप लगाउने काम भएको छ ।

## नेपालमा कोभिसिल्ड खोपको अभाव हुनपुगेको छ । खोपको अभावमा दोस्रो चरणको खोप लगाउने कार्यक्रम रोकिन पुगेको छ ।

**नेपालमा खोप लगाउने कार्य रोकिएको छैन,** खोप लगाउने काम भइरहेको छ । विगतको दुई हप्तामा नेपालका सबै पालिकाहरूमा ६५ बर्षमाथिका नागरिकहरूलाई खोप लगाइयो । यो उमेर समूहका व्यक्तिहरूका लागि खोप लगाउने कार्य केही पालिकाहरू बाहेक अधिकांशले सम्पन्न गरिसकेका छन् । खोपको उपलब्धताको आधारमा सरकारले अब खोप लगाईने अर्को लक्षित समूहको घोषणा गर्नेछ ।

वि.सं. २०७७ माघ १४ देखि फागुन १०मा खोपको पहिलो मात्रा लगाएका पहिलो प्राथमिकतामा परेको व्यक्तिहरू (स्वास्थ्यकर्मी र अन्य अग्रपक्तिका व्यक्तिहरू)का लागि खोपको दोस्रो मात्रा बैशाख ७ देखि ११ गतेसम्म लगाउने योजना रहेको छ ।

नेपालले आझसम्म राम्रो गरेको छ र खोपको पहिलो डोज वा मात्रा आफ्नो ५.५ % जनसङ्ख्यालाई लगाइसकेको छ । यो संख्या करिव ५.०१% को विश्वव्यापी औसत भन्दा माथि हो । विश्वका धैरै देशहरूमा खोप लगाउने कार्य अझै पनि सुरु हुनसकेको छैन ।

खोपको आपूर्तिमा विश्वभरी नै अभाव रहेको छ । विश्वभरी यसको माग उच्च रहेको कारण उत्पादन र आपूर्तिमा कमी छ, र त्यसकारण ठूलो संख्यामा मानिसहरूलाई खोप लगाउन एकैपटक धैरै मात्रामा खोपहरू उपलब्ध हुन सक्दैन ।

## कोभिड–१९ खोपको सकारात्मक भन्दा नकारात्मक प्रभाव बढी छ । खोप नलगाउनु नै राम्रो हुन्छ ।

कोभिड–१९ खोपहरू कोभिड–१९ रोग विरुद्धको लडाईंमा बहुमुल्य साधनका रुपमा रहेका छन् र गम्भीर प्रकृतिको रोग तथा कोभिड–१९का कारण हुने मृत्युलाई यसले कम गर्ने देखिएको छ ।

विश्वभरी हरेक देशमा प्रयोग भइरहेको कोभिड–१९ खोपलाई सम्बन्धित देशको राष्ट्रिय नियामक संस्थाले त्यसको गुणस्तर, सुरक्षा र प्रभावकारितासम्बन्धी जानकारीका आधारमा समीक्षा र अनुमोदन गर्ने काम गर्छ । आजसम्म चार वटा कोभिड–१९ खोपहरूलाई विश्व स्वास्थ्य सङ्गठनले आपतकालीन प्रयोगको सूचीमा समावेश गरेको छ ।

नेपालमा प्रयोग भइरहेको कोभिड–१९ खोप पनि नेपालको राष्ट्रिय नियामक संस्थाले प्रयोगका लागि स्वीकृत गरेको छ । यो खोप पनि विश्व स्वास्थ्य सङ्गठनको आपतकालीन प्रयोगको सूचीमा समावेश छ ।

अन्य सबै खोपहरू जस्तै कोभिड–१९ खोप लगाएपछि ज्वरो आउने, सुइ लगाएको ठाउँमा सुन्निने, टाउको दुखे आदि जस्ता सामान्य र अपेक्षाकृत प्रभावहरू देखिन सक्छन् । यी सामान्य लक्षणहरू केही दिन मात्र रहन्छन् ।

## कोभिसिल्ड खोप लगाएपछि कमजोर महसुस हुन्छ र एक बर्षसम्मा काममा जान वा शारीरिक काम गर्न सकिंदैन ।

एक बर्षसम्म कमजोर महसुस हुने र शारीरिक रुपमा राम्रो काम गर्न नसक्ने अवस्था कसैलाई भएको सुनिएको छैन ।

विश्वभरी ३९ करोड भन्दा बढी मात्रामा कोभिड–१९ खोप लगाइसकिएको छ । नेपालमा पनि १० लाख ६५ हजार भन्दा बढी मात्रा कोभिड–१९ खोप लगाइएको छ ।

यो भाइरसका कारण गम्भीर रोग लाग्ने र मृत्यु पनि हुनसक्छ, र कोभिड–१९ रोग, विशेषगरी गम्भीर रोग र मृत्यु निवारणका लागि खोप लगाउनु महत्वपूर्ण छ ।

खोप लगाएपछि ज्वरो आउने वा खोप लगाएको ठाउँमा सुन्निने जस्ता सामान्य लक्षण देखापर्न सक्छ । यी लक्षणहरू केही दिन मात्र रहन्छन् ।

## विश्व स्वास्थ्य संगठनले विदेश भ्रमणमा जाँदा खोप लगाउनु अनिवार्य नबनाउन आग्रह गरिरहेको छ ।

वर्तमान समयमा विश्व स्वास्थ्य सङ्गठनको दृष्टिकोण भनेको कोभिड–१९ खोप लगाएको प्रमाणलाई आगमन वा प्रस्थानको सर्तका रुपमा अन्तर्राष्ट्रिय भ्रमणका लागि राष्ट्रिय निकाय र भ्रमण सञ्चालकहरूले व्यवस्था गर्नु हुँदैन, जसका विभिन्न कारणहरू छन् । त्यसको प्रमुख कारण भनेको संक्रमण सर्नबाट रोक्ने कार्यमा खोपहरूको प्रभावकारिता अझै पनि स्पष्ट नहुनु र विश्वभरी खोपको सीमित आपूर्ति हो ।

खोपहरूले रोग विरुद्ध संरक्षण प्रदान गर्ने देखिए तापनि भाइरसलाई सर्नबाट त्यसले रोक्न सक्छ वा सक्दैन भन्नेबारेमा अध्ययनहरू जारी छन् । खोप लगाएका व्यक्तिहरूले यात्रा गर्दा जोखिम न्यूनिकरणका अन्य उपायहरू अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने विश्व स्वास्थ्य सङ्गठन सिफारिस गर्दछ ।

विश्वव्यापी रुपमा खोप आपूर्तिमा रहेको सीमितता अर्को कारण हो । यात्रामा निस्कने व्यक्तिहरूलाई खोप लगाउने कार्यमा प्राथमिकता प्रदान गरिएको अवस्थामा जोखिम समूहमा पर्ने अन्य व्यक्तिहरूका लागि खोपको अभाव हुनसक्छ ।

खोपहरूको आपूर्तिमा वृद्धि र विद्यमान तथा नयाँ कोभिड–१९ खोपहरूसम्बन्धी प्रमाणहरू संकलित हुँदै गएपछि विश्व स्वास्थ्य सङ्गठनको सिफारिसमा परिमार्जन हुनेछ ।

## कोभिसिल्ड खोपको प्रभाव १५ देखि २० दिनसम्म मात्र रहन्छ । त्यसैकारण, यसको खासै काम छैन ।

यो सत्य होइन । कोभिड–१९ खोपहरूले प्रदान गर्ने संरक्षणको अवधि अझै पनि अध्ययन भइरहेको छ, किनभने यो खोप प्रयोग हुन थालेको केही महिना मात्रा भएको छ । यद्यपि, यो खोपको प्रभाव १५ देखि २० दिनसम्म रहने कुरा सत्य होइन । खोपको पहिलो डोज मात्र पनि १२ हप्तासम्म प्रभावकारी हुने देखिएको छ । र दोस्रो डोज लगाएपछि त्यसले प्रदान गर्ने सुरक्षाको अवधि अझ लामो हुनजानेछ ।

अहिलेसम्म हामीलाई थाहा भएको कुरा भनेको SARS-CoV-2  खतरनाक छ र यसबाट गम्भीर रोग लाग्ने र मृत्यु पनि हुनसक्छ, र यो रोगबाट संरक्षण प्रदान गर्ने कार्यमा हाल प्रयोग भइरहेका खोपहरू प्रभावकारी छन् ।



**प्रश्न र जिज्ञासाहरुका लागि सम्पर्क :**
हटलाइन टेलिफोन नम्बरहरु :
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
१११५, ११३३, १०९२

UNITED NATIONS NEPAL